मिति: २०७९/०२/१३
समय: अपरान्ह १:०० बजे
स्थान: आठविसकोट नगर सभाहल

आठविसकोट नगर कार्यपालिकाको पहिलो बैठक नगर प्रमुख श्री रवि के.सी. को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन ।

तपसिल

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री मणि राज शाह | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव बहादुर घर्ती | १ नं. वडाध्यक्ष | |
| | ५ | श्री देव बहादुर यरी | २ नं. वडाध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडाध्यक्ष | |
| | ७ | श्री नर सिं विष्ट | ४ नं. वडाध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडाध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडाध्यक्ष | |
| | १० | श्री अमृत बुढा | ७ नं. वडाध्यक्ष | |
| | ११ | श्री खगेन्द्र वि.क. | ८ नं. वडाध्यक्ष | |
| | १२ | श्री जनक बहादुर बटाला | ९ नं. वडाध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडाध्यक्ष | |
| | १४ | श्री प्रेम बहादुर पुन | ११ नं. वडाध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडाध्यक्ष | |
| | १६ | श्री टेक बहादुर थापा | १३ नं. वडाध्यक्ष | |
| | १७ | श्री हुकुम बहादुर पुन | १४ नं. वडाध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृणा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | श्री रत्ने ~~वि.क.~~ कामी | कार्यपालिका सदस्य | |
| अन्य उपस्थिति | २६ | थलबारे ओली | मिठो, परिक्षे | |
| | १ | श्री शेर बहादुर ओली | नायब सुब्बा | |
| | २ | श्री इश्वर खड्का | सलेपा | |
| | ३ | श्री जय बहादुर बुढा | प्रशासन सहायक | |
| | ४ | श्री राजेश गौतम | इन्जिनियर | |
| | ५ | श्री तस्वीर परियार | कार्यालय सहयोगी | |

पहिलो नगर कार्यपालिका बैठक (२०७९/०२/१३ गते) का निर्णयहरु :-

१. समृद्ध आठविसकोट नगरपालिका निर्माण गर्न नगरपालिका क्षेत्रका अति गरिब विपन्न नागरिकहरुको आर्थिक अवस्था सुधारका लागि कृषि तथा पशुपालन क्षेत्रमा रहेको निर्वाहमुखि प्रणालीलाई निर्यातमुखि बनाई **कृषि उत्पादनमा वृद्वि र कृषी उपजको प्रशोधन तथा बजारीकरणमा लगानी वृद्वि गर्दै** दुध, फलफुल, मसला तथा मासुजन्य उत्पादन तथा निर्यातलाई प्रवर्द्धन गर्दै **ग्रामिण अर्थतन्त्रको सवलीकरणमा जोड दिनु नगर सरकारको पहिलो प्राथमिकता रहनेछ ।** यस कार्यका लागि सबै खेतीयोग्य जमिनमा **सिचाई तथा प्रविधि सेवा** उपलब्ध गराउने, **कृषि तथा पशु क्षेत्रमा नयाँ प्रजातिको खोजी, रैथाने बालीको संरक्षण, नश्ल सुधार तथा औषधोपचारको व्यवस्था गर्नुका साथै कृषि तथा वनजन्य पदार्थमा आधारित उद्योग स्थापना तथा सञ्चालन गर्ने** जस्ता कार्यहरुमा जोड दिने नगर प्रमुखको पदभारको पहिलो निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

२. यस नगरपालिका भित्र १० वर्षे सशस्त्र जनयुद्व, दोस्रो जनआन्दोलन, विभिन्न राजनैतिक आन्दोलनका सहिदका परिवार, घाइते तथा अपाङ्गता भएका परिवार र अति विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य विमा गर्ने नगर प्रमुखको पदभारको दोस्रो निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

३ समृद्ध आठविसकोट नगर निर्माणको आधारशिला खडा गरि पहिलो कार्यकाल (२०७४/०२/०५ देखि २०७९/०२/०५ गते) निर्धारित उपलब्धीहरु हासिल गरि सफलतापूर्वक सम्पन्न गर्नु भएका पहिलो कार्यकालका सम्पूर्ण जनप्रतिनिधीहरु, सुरक्षाकर्मीहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकारहरु, उद्योगी व्यापारीहरु, आम आठविसकोट नगरवासी जनताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ (१) मा व्यवस्था भए बमोजिम तपसिलमा उल्लिखित सदस्यहरु रहने गरि यस नगरपालिकाको **स्थानीय राजस्व परामर्श समिति** गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | | | |
|---|---|---|---|
| क. | संयोजक | - श्री धन कुमारी शाही | (नगर उप-प्रमुख) |
| ख. | सदस्य | - श्री मणि राज शाह | (नि. प्रमुख प्रशासकीय अधिकृत) |
| ग. | सदस्य | - श्री जनक बहादुर बटाला | (नगर कार्यपालिका सदस्य) |
| घ. | सदस्य | - श्री हिरा थापा | (नगर कार्यपालिका सदस्य) |
| ङ. | सदस्य | - श्री | (स्थानीय उद्योग वाणिज्य संघको प्रमुख वा प्रतिनिधी) |
| च. | सदस्य | - श्री | (घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख वा प्रतिनिधी) |
| छ. | सदस्य-सचिव | - श्री जय बहादुर बुढा | (राजश्व उप-शाखा प्रमुख) |

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) मा व्यवस्था भए बमोजिम तपसिलमा उल्लिखित सदस्यहरु रहने गरि यस नगरपालिकाको **स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति** गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | | |
|---|---|---|
| क. | संयोजक | - श्री रवि के.सी. (नगर प्रमुख) |
| ख. | सदस्य | - श्री धन कुमारी शाही (नगर उप- प्रमुख) |
| ग. | सदस्य | - श्री देव बहादुर घर्ति (नगर कार्यपालिका सदस्य) |
| घ. | सदस्य | - श्री खुम्मे कुसारी (नगर कार्यपालिका सदस्य) |
| ङ. | सदस्य | - श्री सदिक्षा मल्ल (नगर कार्यपालिका सदस्य) |
| च. | सदस्य | - श्री नर सिं विष्ट (नगर कार्यपालिका सदस्य) |
| छ. | सदस्य-सचिव | - श्री मणि राज शाह ( नि. प्रमुख प्रशासकीय अधिकृत) |

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा व्यवस्था भए बमोजिम तपसिलमा उल्लिखित सदस्यहरु रहने गरि यस नगरपालिकाको **बजेट तथा कार्यक्रम तर्जुमा समिति** गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | | |
|---|---|---|
| क. | संयोजक | - श्री धन कुमारी शाही (नगर उप-प्रमुख) |
| ख. | सदस्य | - श्री देव बहादुर घर्ती (नगर कार्यपालिका सदस्य) |
| ग. | सदस्य | - श्री घनश्याम भण्डारी (नगर कार्यपालिका सदस्य) |
| घ. | सदस्य | - श्री अमृत बुढा (नगर कार्यपालिका सदस्य) |
| ङ. | सदस्य | - श्री प्रेम बहादुर पुन (नगर कार्यपालिका सदस्य) |
| च. | सदस्य | - श्री रत्ने कामी (नगर कार्यपालिका सदस्य) |
| छ. | सदस्य | - श्री टेक बहादुर थापा (नगर कार्यपालिका सदस्य) |
| ज. | सदस्य | - श्री मणि राज शाह (नि प्रमुख प्रशासकीय अधिकृत) |
| झ. | सदस्य-सचिव | - श्री रत्न बहादुर परियार (योजना शाखा प्रमुख) |

७. यस नगरपालिकाको पहिलो नगर सभा मिति २०७९/०३/०८, ०९ र १० गते आयोजना गर्ने निर्णय गरियो ।

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

८.     यस नगरपालिकाको वडा नं. २ मा एक वडा एक माध्यमिक विद्यालयको अवधारणा अनुसार स्थापना गरिएको **श्री सिस्ने हिमाल माध्यमिक विद्यालय साझेगाउमा** माध्यमिक तहका २ वटा र वडा नं ३ स्थित **श्री गोरखनाथ आधारभुत विद्यालय पाटागाँउमा** आधारभुत तह (६ -८ ) २ वटा नगर करार स्वयमसेवक शिक्षक दरबन्दी मिलान गर्ने निर्णय गरियो ।

९     यस नगरपालिकाका नगर स्तरीय योजनाहरुको अनुगमनहरुको लागि देहायका सदस्यहरु रहने गरि नगर स्तरीय योजना अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| क. | संयोजक | धन कुमारी शाही (नगर उप-प्रमुख) |
| ख. | सदस्य | मणि राज शाह (नि. प्रमुख प्रशासकीय अधिकृत) |
| ग. | सदस्य | नन्द कुमारी आग्री ( नगर कार्यपालिका सदस्य) |
| घ. | सदस्य | सर्जने कामी (नगर कार्यपालिका सदस्य) |
| ङ. | सदस्य-सचिव | रत्न बहादुर परियार (योजना शाखा प्रमुख) |

१०.     यस नगरपालिकाको कृषि तथा पशुपालनको यथार्थ विवरण संकलन गरि वस्तुगत विवरण समेटिएको प्रतिवेदन तयार गरि दोस्रो कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने गरि यस नगरपालिकाको **आर्थिक विकास शाखालाई** जिम्मेवारी दिने निर्णय गरियो ।

११.     यस नगरपालिकाको स्वास्थ्य अवस्थाको विवरण समेटीएको नगर अस्पताल, स्वास्थ्य चौकी, नगर स्वास्थ्य इकाईहरुको अवस्थाको प्रतिवेदन तयार गरि दोस्रो कार्यपालिका बैठकमा पेश गर्ने गरि नगरपालिकाको **स्वास्थ्य तथा सामाजिक विकास शाखालाई** जिम्मेवारी दिने निर्णय गरियो ।

१२.     यस नगरपालिकाको वर्तमान शिक्षाको अवस्थाको विस्तृत विवरण समेटी नगरपालिका भित्रका विद्यालयहरुको प्रतिवेदन दोस्रो नगर कार्यपालिका बैठकमा पेश गर्ने गरि नगरपालिकाको **शिक्षा, युवा तथा खेलकुद शाखालाई** जिम्मेवारी दिने निर्णय गरियो ।

१३.     यस नगरपालिकाको वडा नं. ३ को **चोभा खोला** र वडा नं ६ को **गथथला मसिनाडारीमा** काठेपुल निर्माणका लागि ३०/३० हजार बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.     १५औं गणतन्त्र दिवसको अवसरमा यस नगरपालिकाको वडा नं. ९ को राडी बजार र वडा नं. ११ को सिमबजारमा सरसफाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

नगर कार्यपालिकाको कार्यालय, सानीभेरी, रुकुम (पश्चिम)

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत